# हिमाली सुस्केरा
राष्ट्रिय साप्ताहिक

वर्ष : २३, अङ्क : २५, २०८१ चैत १७ गते आइतवार ( 30 March 2025 ) मूल्य रु. २०।-




घोडे जात्रा २०८१ अवलोकन गर्न सम्माननिय राष्ट्पति रामचन्द्र पौडेल र प्रधानमन्त्री केपी शर्मा ओली । सैनिक मञ्च टुडिखेलमा । आज नेपाली सेनाको आयोजनामा घोडे जात्रा भव्य रुपमा मनाइएको छ ।

# मिडिया हाउसमा आक्रमण गर्नेलाई कारवाही होस्

सुस्केरा समाचारदाता

काठमाडौं, चैत - अस्ति शुक्रवार राजावादीहरुले आयोजना गरेको आन्दोलन तीनकुनेमा अराजकतामा परिणत भए पछि आलोचित भएको छ। आन्दोलन शान्तिपूर्ण भन्ने तर तोडफोड, हिंसा, कुटपिट, आगजनी गर्नु राम्रो नभएको सर्वत्र चर्चाछ ।

यस प्रकारको तोडफोड, आगजनी लगयतका अराजक गतिविधिले संचार गृह लक्षित भए, सर्वसाधारणका घरमा आगजनि तोडफोड, व्यवसायीक भवनहरुमा लुटपाट हुँदा आन्दोलनमा जानेहरुलाई समेत लाजमदो बनाएको छ ।

गृहमन्त्री रमेश लेखकले राजावादीहरुले गरेको आक्रमण र हत्याको कानुन बमोजिम कारवाही हुने बताउनुभएको छ। शनिवार नेकपा (एकीकृत समाजवादी) को पार्टी केन्द्रिय कार्यालय आलोकनगरमा सञ्चारकर्मीसँग कुरा गर्दै गृहमन्त्री लेखकले जनधनको क्षति गर्नेहरुमाथि कानुन बमोजिम अनुसन्धान गरेर कारबाही गर्ने प्रतिवद्धता जनाउनुभएको हो ।

राजावादीहरुले तीनकुनेमा शुक्रवार गरेको आन्दोलनका क्रममा दुई जनाको मृत्यु भएको छ, सार्वजनिक र निजी सम्पत्तिमाथि तोडफोड गरिएको छ । आक्रमणकारीहरुले शुक्रवार एकीकृत समाजवादीको पार्टी कार्यालयमा तोडफोड गरी आगो लगाएका थिए। सोही अनुगमन एवं निरीक्षणका क्रममा आलोकनगर

....... .. .पेज नं. ८ मा

# दोषीलाई कारवाही गर्न माग

सुस्केरा समाचारदाता

काठमाडौं, चैत - नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' शुक्रबार तीनकुने क्षेत्रमा भएको घटनाको छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउन सरकारसँग माग गर्नुभएको छ ।

नेकपा (एकीकृत समाजवादी केन्द्र)को कार्यालयमा आक्रमणबाट भएको क्षति बारे शनिबार बिहान निरीक्षण गरेपछि भएको 'समाजवादी मोर्चा नेपाल'को बैठकमा उहाँले दोषीलाई कारबाहीको माग गर्नुभएको हो । उहाँले असामाजिक गतिविधि गर्ने सबैलाई कारबाहीको दायरमा ल्याउन माग गर्नुभयो ।

बैठकपछि सञ्चारकर्मीहरूलाई सङ्क्षिप्त प्रतिक्रिया दिँदै सुरक्षा व्यवस्थामा भएका कमीकमजोरीको सरकारले गम्भीर रूपमा समीक्षा गर्नुपर्नेमा जोड दिनुभयो । साथै उहाँले सुरक्षा व्यवस्थालाई सुदृढ बनाउन सरकारलाई सुझाव दिनुभयो । काठमाडौंको तीनकुनेमा शुक्रबार पूर्वराजाको समर्थनले गरेको हिंसात्मक

....... .. .पेज नं. ८ मा

# रोजगार मेलामा काम खोज्दै युवा

सुस्केरा समाचारदाता

बाँके, चैत - नेपालगन्जमा शुक्रबारदेखि सञ्चालनमा आएको रोजगार मेला शनिबार पनि जारी छ । मेलामा विशेषगरी बेरोजगार व्यक्तिहरूको आकर्षण देखिएको छ । बाँकेका ७ वटा स्थानीय तहसँगको सहकार्यमा नेपालगन्ज उद्योग वाणिज्य सङ्घले उक्त मेला सञ्चालनमा ल्याएको हो ।

उक्त मेलामा दोस्रो दिन शनिबार समूह छलफल समेत चलिरहेको छ । रोजगारी पाउने र रोजगारी दिने दुबै पक्षलाई एकै ठाउँमा राखेर सङ्घले मध्यस्थकर्ताको काम गरिरहेको नेपालगन्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष टङ्क धामीले बताउनुभयो । मेलामा रोजगार प्रदायक होटल तथा उद्योग, व्यावसायिक प्रतिष्ठानले रोजगारीका लागि त्यहाँ आएकाहरूको आवेदन लिइरहेका छन् ।

स्नातक तह अध्ययनरत नेपालगन्ज

....... .. .पेज नं. ८ मा

# पत्रकार हत्याको विरोधमा आन्दोलन

सुस्केरा समाचारदाता

काठमाडौं, चैत - नेपाल पत्रकार महासंघले शुक्रबार तीनकुनेमा भएको घटनाको भर्त्सना गर्दै विरोध प्रकट गरेको छ ।

महासंघको आज बसेको उपलब्ध केन्द्रीय समितिको आकस्मिक बैठकले शुक्रबारको घटनामा क्षति पुऱ्याइएका सञ्चारगृहको अनुगमन, घाइते सञ्चारकर्मी र हराएका सञ्चार सामग्रीको विवरण सङ्कलन गर्ने, आइतबार कार्यस्थलमा कालोपट्टी बाँधेर काम गर्न सबै सञ्चारकर्मीलाई आह्वान गर्ने निर्णय गरेको छ ।

बैठकपछि जारी विज्ञप्तिमा महासंघले घटनाका सम्बन्धमा सोमबार केन्द्रीय समिति, प्रदेश समिति र शाखामार्फत सरकारलाई ज्ञापनपत्र बुझाउने र मंगलबार सरोकारवाला संगठनसँग

....... .. .पेज नं. ८ मा

# लोकतन्त्रका पक्षमा गोलबद्ध हौं

सुस्केरा समाचारदाता

काठमाडौं, चैत - नेकपा (एमाले) ले पूर्व राजावादीहरुको अराजक समूहले काठमाडौंको तीनकुने, कोटेश्वर र जडिबुटी क्षेत्रमा देखाएको उद्दण्डता, अराजकता र हिंसा भर्त्सना गरेको छ।

पार्टी महासचिव शंकर पोखरेलले विज्ञप्ति जारी गर्दै शान्तिपूर्ण प्रदर्शनका नाममा सुरक्षा घेरा तोड्ने, सुरक्षाकर्मीमाथि आक्रमण गर्ने, हतियार खोस्ने, सर्वसाधारण नागरिकका घर, व्यवसायिक भवन, सञ्चारगृह, राजनीतक दलका कार्यालय र सरकारी भवन माथि आगजनी गर्ने, लुटपाट गर्ने, जानी-जानी हिंसा र आतङ्कलाई दुरुत्साहन गर्ने तथा मुलुकको लोकतान्त्रिक प्रणालीलाई बिथोलेर अराजकतातिर धकेल्ने यस्ता आपराधिक क्रियाकलाप निन्दनीय रहेको बताएका हुन् ।

एमालेले पार्टी लोकतान्त्रिक गणतन्त्र र नेपालको संविधानको रक्षाका लागि दृढतापूर्वक उभिने सङ्कल्प गर्दै सबै राजनीतिक दल, नागरिक समाज र आम नेपाली जनतालाई लोकतन्त्रका पक्षमा र पश्चगमनका दुष्प्रयासका

....... .. .पेज नं. ८ मा

# प्रदर्शनबाट भएको क्षतिको पूर्ण जिम्मेवारी दुर्गाको हो

सुस्केरा समाचारदाता

काठमाडौं, चैत - गृह मन्त्रालयले राजावादी आन्दोलन विशुद्ध हिंसा, अमानवीय र लुटपाटको लागि गरिएको आरोप लगाएको छ। शुक्रबार साँझ गृह मन्त्रालयमा पत्रकार सम्मेलनमा गृह मन्त्रालयका सहसचिव छवि रिजालले आजको आन्दोलन राजनीतिक उद्देश्यबाट नरहेको कारण अगामी दिनमा सरकार संयमित भएर नबस्ने बताउनुभयो। उहाँले हिंसात्मक आन्दोलनका क्रममा भएको क्षतिको जिम्मेवार व्यवसायी दुर्गा प्रसाई रहेको बताउनुभयो ।

आन्दोलनको नेतृत्व लिएको कारण घटनाप्रति प्रसाईं जिम्मेवार हुनुपर्ने उहाँको भनाइ छ। उहाँले हिंसात्मक र लुटपातको कार्यमा संलग्न जोसुकै भएपनि कानुनी दायरामा ल्याइने बताउनुभयो ।

उहाँका अनुसार तीनकुने आन्दोलनमा झडप हुँदा १५ जना सुरक्षाकर्मीसहित ३० जना घाइते भएका छन्। त्यस्तै एकजनाको मृत्यु भएको छ। भौतिक क्षतिको पूर्ण विवरण आइनसकेको र संकलनको कार्य भइरहेको समेत उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, 'हामीलाई प्राप्त जानकारीअनुसार आन्दोलनको नेतृत्व दुर्गा प्रसाईले गरेको हुनाले मुलभूत रुपमा उहाँ नै आजका यो घटनाप्रति जिम्मेवार हुनुहुन्छ। आज जति पनि क्षति भएको छ। यो क्षतिको पूर्ण जिम्मेवारी पनि आयोजकको तर्फबाट उहाँले लिनुपर्छ। मान्छे तत्काल पक्राउ पर्लान र छुटिहाल्छन् भन्ने स्थिति छैन। अहिलेसम्म हामीलाई प्राप्त विवरणअनुसार १५ जना सुरक्षाकर्मी

....... .. .पेज नं. ८ मा

मिडिया हाउसमा ... ... .. ....
पुग्नुभएका गृहमन्त्री लेखकले शुक्रवार को राजावादीहरुले प्रदर्शनका नाममा गरेको हिंसा राजनीतिक दर्शन, आदर्श, सिद्धान्त, मान्यता, चेतनासँग टाढा-टाढाको पनि साइनो नरहेको जिकिर गर्नुभयो ।

शुक्रवारको आन्दोलन प्रदर्शनभन्दा बढी आपराधिक घटना भएको बताउनुभयो । आततायी र अमानवीय ढंगले घटना गराइएका भन्दै गृहमन्त्री लेखकले आन्दोलनकारीले मानिसहरु घरभित्र छन् भनेर थाहा हुँदाहुँदै घरमा आगो लगाउँदा एक जना पत्रकारको ज्यान गएको र नागरिकको सुरक्षार्थ प्रहरीले बल प्रयोग गर्दा अर्का एक जनाको निधन भएको बताउनुभयो । निधन हुनेहरुप्रति दुःख व्यक्त गर्दै

प्रदर्शनबाट भएको ...........
घाइते हुनु भएको छ। प्रदर्शनकारी को तर्फबाट समेत १५ जना घाइते हुनुभएको छ । भौतिक क्षतिको पूर्ण विवरण आइसकेको छैन। तीनकुने क्षेत्रमा धेरै व्यक्तिको घरमा ढुंगामुढा भएको छ। केही सरकारी सवारी साध(नमा समेत आगजनी भएको छ ।'

जडिबुटीमा रहेको जडिबुटी प्रशोधन केन्द्रको कम्पनीमा भएको आगजनी अमानवीय भएको र सरकार अब संयमित भएर नबस्ने प्रष्ट पार्नुभयो । व्यक्तिका निजी सम्पती, अस्पताल, सञ्चार गृह, राजनीतिक दलका कार्यालय, व्यापारिक केन्द्र लगायत यातायातका साधनमाथि भएको तोडफोड र आगजनीका अमानवीय एवं अमर्यादित घटना गैरकानुनी तथा निन्दा गर्दै मन्त्रालयले हिंसात्मक एवं आपराधिक घटना गर्ने गराउने कार्यका लागि प्रदर्शनका आयोजक नै पूर्ण रुपमा जिम्मेवार रहेको जनाएको छ ।

दोषीलाई कारवाही .... .... ...
प्रदर्शनमा संलग्न भएको आरोपमा प्रहरीले हालसम्म १११ जनालाई पक्राउ गरेको छ ।

पूर्व राजाको समर्थनमा भएको प्रदर्शनका क्रममा आक्रमण, तोडफोड, आगजनी र लुटपाटमा संलग्न रहेका र घटना घटाउन उक्साउनेसहित १११ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपीलराज बोहराले जानकारी दिनुभयो।

उहाँका अनुसार शुक्रबार एक सय पाँच जनालाई पक्राउ गरिएको थियो भने आज थप छ जना पक्राउ परेका हुन्। प्रहरी परिसर काठमाडौँले २५, प्रहरी वृत्त बानेश्वरले २५, प्रहरी वृत्त गौशालाले नौ, प्रहरी प्रभाग कोटेश्वरले ४६, प्रभाग गोङ्बुले तीन, प्रहरी वृत्त बालाजुले एक, प्रहरी वृत्त सिंहदरबारले दुई जनालाई पक्राउ गरेको उहाँले जानकारी दिनुभयो उक्त घटनामा दुई जनाको मृत्यु भएको जनाउँदै प्रहरी प्रवक्ता बोहराले नेपाल प्रहरीतर्फ ५५, सशस्त्र प्रहरी तर्फ २२ र प्रर्दशनकारीतर्फ ५१ जना घाइते भएका उल्लेख गर्नुभयो।तीमध्ये प्रहरी र प्रदर्शनकारीसहित २१ जनाको विभिन्न अस्पतालमा उपचार जारी रहेको

पत्रकार हत्याको .... ....
छलफल गर्ने निर्णय गरेको जनाएको छ ।

समाचार संकलनका क्रममा ज्यान गुमाएका पत्रकार सुरेश रजक कार्यरत सञ्चारगृह र उनको परिवारसँग छलफल गरी प्रतिवेदन तयार पार्न उपाध्यक्ष उमिदप्रसाद बागचन्दको नेतृत्वमा समिति पनि गठन गरेको जनाइएको छ । समितिका सदस्यहरुमा महासंघका सचिवहरू रमेश खतिवडा, सोनी शर्मा, प्रकाश धौलाकोटी र वैकुण्ठराज पराजुली रहेको महासंघका

रोजगार मेलामा ..... .... ...
उपमहानगरपालिका-१२ का २४ वर्षीया मनिसा घर्ती कामको खोजीमा हुनुहुन्थ्यो । यस मेलामा आफूले गर्नसक्ने काम पाउने आशाले आएको उहाँले बताउनुभयो । यस्तै, जानकी गाउँपालिका-३ रम्मुवापुरका ६० वर्षीय ज्येष्ठ नागरिक सागर गढिया पनि जीविकोपार्जनका लागि केही काम पाइन्छ भनेर मेलामा सोधिखोजी गर्न आएको बताउनुभयो । 'यस उमेरमा बल लाग्ने काम त गर्न सक्दिनँ । तर, यसो सानोतिनो काम केही भए गुजरा चल्ने थियो' उहाँले भन्नुभयो । मेलाले तत्काल र दीर्घकालीन रूपमा रोजगार सिर्जना गर्ने सङ्को विश्वास छ । नेपालगन्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष धामी मेलाबाट रोजगार दाता र बेरोजगार व्यक्तिलाई यसबाट ठुलो लाभ मिल्ने दाबी गर्नुहुन्छ । मेला अवधिमा मात्र कम्तिमा एक सय जनाले रोजगार पाउने आँकलन गरिएको समेत उहाँले बताउनुभयो ।

लोकतन्त्रका पक्षमा .....
विरुद्ध गोलबन्द हुन आह्वान पनि गरेको छ ।

एमालेले शान्ति सुरक्षाको प्रभावकारी प्रबन्ध गर्न माग गर्दै आजका आपराधिक क्रियाकलापमा संलग्नहरुलाई तत्काल कानुनी दायरामा ल्याउन माग गरेको छ। यसले शासन व्यवस्था बुझेको हुनु आवश्यक छ ।

## मौसमी फ्लु रोकथामका उपाय

- बिरामी भएका व्यक्तिसँग भौतिक दूरी कायम गरौं,
- खोक्दा हाच्छिउँ गर्दा मुख र नाक छोपौं,
- शारीरिक रुपमा सक्रिय बनौं र पौष्टिक खाना खाऔं,
- बिरामी हुँदा सम्भव भएसम्म घरमै बसौं,
- समयसमयमा साबुनपानीले हात धुऔं,
- स्यानिटाइजरको प्रयोग गरौं,
- आँखा, नाक, मुख छोईरहने बानी नगरौं ।

कर्णाली प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर सुर्खेत

## वन डढेलो व्यवस्थापन सम्बन्धमा जनचेतना सन्देश।

यस वर्षको सुख्खा मौसमको सुरुवात भइसकेको छ। वनलाई डढेलोबाट बचाउन सम्बन्धित सबै सरोकारवालाहरु एवं सर्वसाधारणमा निम्नानुसारका सावधानी अपनाउनुहुन अनुरोध छ।

- वन जंगलमा जादाँ चुरोट बिंडीको सेवन नगरौं,
- सलाई, लाइटर जस्ता अग्निजन्य पदार्थहरु वन क्षेत्रमा जथाभावी प्रयोग नगरौं,
- वन क्षेत्र नजिक आगो नबालौं, बालेको आगो निभाएर मात्र जाऔं,
- वनमा आगो लागेको देख्नासाथ सहयोग जुटाई नियन्त्रण गरौं, साथै नजिकको वन कार्यालय तथा प्रहरी कार्यालयमा जानकारी गराऔं,
- वनलाई डढेलोबाट बचाऔं, जिम्मेवार नागरिकको भूमिका निर्वाह गरौं,

कर्णाली प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर सुर्खेत

## पानीका स्रोतको संरक्षण गरौं ।

- वनसम्पदाको संरक्षण गरौं,
- खुला ठाउँमा वृक्षरोपण गरौं,
- इनार, कुवा, पोखरी, पानी पँधेरोजस्ता पानीका स्रोतको संरक्षण गरौं,
- भूमिगत पानीको दोहन नगरौं,
- पानीका स्रोतको संरक्षणवारे जनचेतना अभिवृद्धि गरौं,
- खोलानाला, पोखरी, ताल वरिपरि सफा र हराभरा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाता: बीरबहादुर बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

## सम्पादकीय

# व्यवस्था र अवस्थामा

गणतन्त्र जनताले शासन गर्ने व्यवस्था हो । यसलाई नै व्यवस्था भन्दछन् । जनताले आफ्नो मतबाट तथा जनता र जनताबाट चुनिएका प्रतिनिधिहरुद्धारा संचालन गरिएको सरकार तथा सत्तालाई लोकतान्त्रिक व्यवस्था भनिन्छ । यही नै व्यवस्था हो । गणतान्त्रिक व्यवस्था भनेको जनताबाट चुनिएको व्यक्ति राष्ट्रको प्रमुख हुने व्यवस्था गणतन्त्र हो । गणतन्त्रमा राज्यको उच्च पदमा जनताले चुनेर राष्ट्रपति बनाउछन् । यसको विकल्प अरु कुनै व्यवस्था हुनै सक्दैन । यसरी चुन्ने चुनिने पनि आवधिक रुपमा हुन्छ । हरेक ५ वर्षमा राष्ट्रपतिको चुनाव हुन्छ र नयाँ राष्ट्रपतिले देशको नेतृत्व गर्दछन् । लोकतन्त्रमा सत्तामा रहेकाहरुको खुलेर आलोचना गर्न पाइने मात्र होइन तर झुट वा बनिबनाउ बाहाना बाजी बनाएर आलोचना आउनु चाँही अस्वस्थ राजनीतिक विचारहरु हुन् । जबसम्म लोकतन्त्र रहन्छ तबसम्म सरकारको नेतृत्व गर्ने नेता तथा राजनीतिक पार्टीले राम्रो काम गरेनन् भन्ने जनताहरुलाई लागे मा निर्वाचनको माध्यमबाट आफ्नो मत प्रकट गरेर हराइदिन सक्छन् । नागरिकहरुले आफू मध्येबाट छानेर निर्वाचनको माध्यमबाट राम्रा व्यक्तिहरुलाई शासन सत्तामा पुर्याउछन् र राम्रो गरेनन् भन्ने ठाने मा आर्को निर्वाचनबाट निर्वाचनमा हराएर सडकमा पुर्याउदै अर्को नेता र राजनीतिक दललाई सत्तामा पुर्याउछन् । यही नै व्यवस्था हो । व्यवस्तथा मध्ये पनि गणतन्त्रात्मक शासन व्यवस्था हो । यस भन्दा फरक हकुमी, जहानिया, अधिनायकवादी विभिन्न प्रकारका शासन व्यवस्था विश्वमा कायम रहेको पाइन्छ ।

राजनीतिक रुपमा संगठित हुने, आफ्ना एजेण्डा मार्फत जनताको मन जितेर शासन सत्तामा पुग्ने सुन्दर शासन व्यवस्था नै लोकतन्त्र हो । लोकतन्त्र भनेको सुधारिएको प्रजातन्त्र मान्न सकिन्छ । हाम्रो देश मा अढाई सय वर्षसम्म जहानिया राज्य सत्ता तथा राजतन्त्रलाई जनताको आन्दोलनको बलमा फालेर लोकतान्त्रिक गणतन्त्र स्थापना भएको हो । गणतन्त्रमा आवधिक निर्वाचन मुख्य हो । आवधिक निर्वाचनका मा ध्यमबाट राष्ट्रनायक तथा राष्ट्रपतिसम्म चुनिन्छ । जनताका छोराछोरी लोकतन्त्र तथा राजनीतिमा योगदान गरे वापत राष्ट्रको राष्ट्रपतिमा पुग्ने मौका मिल्दछ । लोकतन्त्र भन्दैमा अराजकता राम्रो हुँदैन ।

यो भयो व्यवस्था भने अवस्था हामीले भोगेका छौं । हाम्रो वरपर को गतिविधि वातावरणलाई अवस्थाका रुपमा बुझ्न सकिन्छ । हाम्रो दे शमा अस्था भन्नाले नेपालका विभिन्न गाउँठाउँहरुमा रहेका जनसमुदाय हरुको जीवन यापनलाई अवस्थाका रुपमा बुझ्न सकिन्छ । अवस्था भन्नाले विकाससँग पनि जोडिन सक्छ । शिक्षा, स्वास्थ्य, कृषि, राजे गारी, भौतिक पूर्वाधारको विकास लगायतका विभिन्न विकासे योजनाले दिने लाभलाई अवस्था मान्न सकिन्छ । यसका साथै हाम्रो समुदायमा हुने, भए गरेका गतिविधिहरु पनि अवस्था भित्र पर्दछन् । अवस्था परि वर्तन गर्नका लागि स्थानीय नागरिकहरु आफै उठ्नु र जुट्नु पर्छ । विभिन्न प्रकारका सेवा सुविधा पुर्याउनका लागि सरकारले चाल्ने कदम तथा दिने विकास योजनाले पार्ने प्रभाव अवस्था हो । अवस्था सरकारा त्मक र नकारात्मक दुबै हुन सक्छ । यसमा गम्भिर भएर सोज्नै पर्छ ।

# प्रतिसरा सायमीका तीन कविता

प्रतिसरा सायमी
रातोपातीबाट

............
सिनोको दुर्गन्ध
तिम्रा भाषणमा ।

किनकि
च्यातिदियौ तिमीले
उसका अधुरा आशाहरू, सपनाहरू
भाषणका शब्दहरूको झिरमा उनेर
सेकुवा बनायौ ।

शंका लागेको छ उसलाई
एक टुका कागज र एउरा कलम
बाँकी राख्ने हो वा होइन
देशको नामसम्म लेख्न
के थाहा देशै बेचेर
कुन बेला मुग्लान पस्छौ !

कति सहन्छ उसले
प्रत्येक जुत्ताहरूको कुल्चाइ सहने
समयले पाप्रा उप्काएका
सडक पनि त होइन ऊ ।

अझै पनि समय छ
मूल्य तिर
तुहिएका सपनाहरूको
टाँका लगाऊ
च्यातिएका अस्मिताहरूको
भविष्यको लेखाजोखा देऊ
शिरमाथि ओत नभएका टुहुराहरूको
आमा-बाबा चेलीहरूको ।

नत्र भने
उसको सास अझै रोकिएको छैन
उठाइसकेको छ मुठी
देशलाई शेष गर्नेहरूको चिन्हा जलाउन
भाषणले शासन गर्ने थुतुनोहरूको ।
००

३) ढुकुटीका मुसाहरूले सखाप पार्न लागे मेरो देश

टुकी बाल्ने बेलाका
अजङ्गका ख्याकहरू
गणतन्त्रको डोरीमा झुन्डिएर
हाम्रो दैलोभित्र पसे आमा !

उनीहरू
लाखामरी भोज मात्र खान आएका हैनन् ।
उनीहरूका आँखा
तिम्रा जुङ्गे थैलीमा
तिम्रो जीवनको गमलामा फुलाइराखेका
ती हाम्रा दिदीबैनीहरूमाथि
अनि घरका गुठी, जग्गा, लालपुर्जामाथि ।

सुरुप्प निल्न सजिलो गरी
लस्सादार राजनीतिको
मिठो परिकार पस्केर
ज्वाइँ नारानको भेषमा
सम्बन्धको अंकुसीको तन्काइमा
ढुकुटीका मुसाहरूले
लोकतन्त्र, गणतन्त्र, प्रजातन्त्रको
स्वप्निल संसारको गाउँ घुमाउन
मात्र
एउटा भोटको तारणले जेलेर ..............

खेलकुद

संस्कृति, कला, बाल संशार

# म्याराथनमा रमेश प्रथम

सुस्केरा समाचारदाता

फिदिम, चैत - पाँचथरको फाले लुङमा आयोजित ५५ हजार ५ सय ५५ रुपियाँ पुरस्कार राशीको म्याराथन प्रतियोगितामा ताप्लेजुङका रमेश तावाहाङ प्रथम हुनुभएको छ ।

उहाँले निर्धारित ४४ किलोमिटर दुरी तीन घण्टा २३ मिनेट, ५८ सेकेन्डमा दुरी पार गर्नुभयो। यसैगरी पाँचथर फिदिमका विशाल राई तीन घण्टा २९ मिनेटमा दुरी पार गर्दै दोस्रो तथा विभागीय क्लब त्रिभुवन आर्मीका राजन मेयोङवा तीन घण्टा ३८ मिनेट ३० निर्धारित दुरी पार गरेर तेस्रो हुनुभयो ।

प्रतियोगितामा सहभागी ४६ जना धावकलाई पछि पार्दै उहाँ पुरस्कृत हुनुभएको हो। प्रतियोगिताका विजेताले ५५ हजार ५ सय ५५, दोस्रो हुनेले २७ हजार २ सय २७ र तेस्रो हुनेले १२ हजार दुई सय १२ रुपियाँ नगद हात पार्नुहुने भएको छ। उहाँहरूलाई पुरस्कार वितरण औपचारिक कार्यक्रम आयोजना गरेर आइतबार वितरण गने तयारी छ ।

समुद्री सतहदेखि दुई हजार दुई सय मिटर उचाइमा रहेको फालेलुङ ३ नाम्लुवा भन्ज्याङदेखि सुरु भएको दौड तीन हजार दुई सय मिटर उचाइमा अवस्थित फालेलुङ ४ को फालौट (गोर्खेपानी)मा अवस्थित बोर्डर आउट पोष्ट पुगेर पुनः नाम्लुवा भञ्ज्याङमै आइपुगेपछि टुङ्गिएको आयोजक परिवर्तन संभ फालेलुङका अध्यक्ष रावण राईले जानकारी दिनुभयो ।

नाम्लुवा भन्ज्याङदेखि पहाड र उच्च

# कस्तो नेपालको कल्पना गरिदै छ

- तुलानारायण साह

समानुपातिक निर्वाचन प्रणाली र आरक्षणमा असंख्य कमजोरीहरू देखिएका छन् तर अहिले चर्चामा रहे जस्तो त्यसलाई अझ खुम्च्याउने वा समाप्त नै गर्ने हो भने अन्ततः यसले राज्य र राजनीतिमा समावेशीकरणको प्रक्रियालाई अवरुद्ध गर्ने हो

मन्त्रिपरिषद्को चैत्र ४ गतेको गृह मन्त्रालयअन्तर्गत दुइटा फरक पदहरूमा नियुक्ति गर्ने निर्णय गर्‍यो- नेपाल प्रहरीको आईजीपीमा दीपक थापा र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुखमा दिनेश भट्ट। समाचारहरूका अनुसार आईजीपीका लागि बढुवा समितिले तीन जना एआईजीहरू (दीपक थापा, सुदीप गिरी, टेकबहादुर तामाङ) को नाम सिफारिस गरेको थियो । विपद् प्राधिकरणका प्रमुखका लागि गृह मन्त्रालयले बनाएको छनोट समितिले दिनेश भट्ट, डा.सुमनकुमार कर्ण र मन्दीप सुवेदीको नाम सिफारिस गरेको थियो ।

केहीअघि फागुन २१ गतेको मन्त्रिपरिषद्को बैठकले स्वास्थ्य मन्त्रालयका सचिवमा डा. विकास देवकोटालाई नियुक्त गर्ने निर्णय गरेको थियो । त्यस पदका लागि पनि बढुवा समितिले वरिष्ठताका आधारमा डा.संगीता कौशल मिश्रा, डा. विकास देवकोटा र डा. टंक बराकोटीको नाम सिफारिस गरेको थियो ।

पछिल्ला तीनवटै निर्णयहरूको विश्लेषण गर्दा ती नियुक्तिको अन्तिम निर्णय मन्त्रिपरिषद्को तजबिजमा भएका थाहा हुन्छ। तीनै पदमा सिफारिस भएका नामहरूमध्ये कम्तीमा एक नाम सीमान्तकृत समुदायका रहेछन् । तर तिनै पदमा बाहुन जातका प्रतिस्पर्धीहरू मात्र सफल भएछन् । सीमान्तकृत समुदायका प्रतिस्पर्धीहरू सबै ठाउँमा असफल भएछन् ।

आईजीपीका लागि प्रतिस्पर्धी रहेका टेकबहादुर तामाङसँग म व्यक्तिगत रूपमा चिन्दिनँ । उनको क्षमता, योग्यताबारे मलाई कुनै जानकारी छैन । तर, बाँकी दुई पदका प्रतिस्पर्धीहरूमध्ये केहीलाई म राम्ररी चिन्दछु ।

विपद् प्राधिकरणमा प्रमुख पदका लागि डा. सुमनको यो दोस्रो पटकको असफलता हो । चार वर्षअघि पनि उनी त्यही पदका लागि प्रतिस्पर्धी थिए । संयोगले विपद् प्राधिकरणमा दुवै पटक बाजी मार्ने इन्जिनियरहरू मेरा पुराना मित्रहरू हुन् । सबैको क्षमताप्रति मेरो पूर्ण सम्मान छ तर डा. सुमनको सबालमा यति चाहिँ भन्न सक्छु- सम्बन्धित मन्त्रीको आशीर्वाद पाउन नसक्नुबाहेक उनीमा अरू कुनै कमी छैन ।

एआईटी बैंककबाट स्नातकोत्तर र अस्ट्रेलियाको मेलवर्न विश्वविद्यालयबाट पीएचडी गरेर देशविदेशमा दशकौंको अनुभव बटुलेका डा. सुमन आफ्नै देशमा कनिष्ठहरूसँग पटक-पटक असफल हुनु उनको दुर्भाग्य हो ।

डा. संगीताले पनि त्यस्तै नियति बेहोर्नुपरेको छ । फुलब्राइट फेलोसिप पाएर अमेरिकाको जोन हप्किन्स विश्वविद्यालयबाट जनस्वास्थ्य विषयमा स्नातकोत्तर गरेर खुल्ला प्रतिस्पर्धाबाट उपलो तहको सरकारी सेवा प्रवेश गरेकी संगीता कोरोनकालको कठोर समयमा आफ्नो कार्यक्षमता देखाएर सर्वत्र प्रशंसा पाएकी पात्र हुन् ।

सरकारी सेवामा सीमान्तकृत समुदायका प्रतिस्पर्धीहरूका लागि यस्ता घटनाहरू अपवाद हुन् कि सामान्य ? कतै मबाट अपवाद(का घटनाहरूलाई जोडजाम गरेर सामान्यीकरण त .... (इकान्तिपुरबाट)



पत्रकार हत्याको विरोधमा पत्रकार आन्दोलित ।

# गुण्डागर्दीविरुद्ध प्रहरी निर्मण हुने

सुस्केरा समाचारदाता

काठमाडौं, चैत - प्रहरी महानिरीक्षक दीपक थापाले शान्ति सु-व्यवस्था कायम राख्नु र जीउ धनको सुरक्षा गर्नु नेपाल प्रहरीको प्रमुख जिम्मेवारी भएको बताएका छन् । थापाले जुनसुकै विषम परिस्थितमा पनि उच्च मनोबलका साथ उपलब्ध संयन्त्रको अधिकतम् उपयोग गरी प्रहरी परिचालन गर्नुपर्ने बताए ।

शनिबार नेपाल प्रहरी प्रधान कार्यालयबाट भर्चुअल माध्यमद्वारा समसामयिक विषयवस्तुमा प्रहरी कर्मचारीहरूलाई निर्देशन सम्बोधनको क्रममा प्रहरी महानिरीक्षक थापाले यस्तो बताएका हुन् ।

प्रहरी महानिरीक्षक थापाले आ-आफ्नो क्षेत्रमा कुनै पनि आपराधिक क्रियाकलापका घटनाहरू हुन नदिन प्रभावकारी सुरक्षा व्यवस्था मिलाउनुपर्ने उल्लेख गर्दै आपराधिक गतिविधिको सूचना संकलन तथा विश्लेषण गरी आवश्यक सुरक्षा रणनीति एवम् प्रभावकारी प्रहरी परिचालनमा कटिबद्ध हुन निर्देशन दिए ।

उनले आ-आफ्नो जिम्मेवार क्षेत्रहरूमा सुरक्षा व्यवस्थापनको निम्ति आवश्यक सुरक्षा योजना निर्माणका साथै सरोकारवाला सबै पक्षहरूसँग समन्वय र सहकार्य गरी कार्यसम्पादन गर्नुपर्नेमा जोड दिए ।

प्रहरी महानिरीक्षक थापाले सीमित स्रोतसाधनको अधिकतम् प्रयोग गरी धैर्यताका साथ थप संवेदनशील भएर प्रहरी कर्मचारीहरूले आफ्नो काम कारबाही गर्नुपर्ने उल्लेख गर्दै आम नागरिकको समस्यालाई समयमै सम्बोधन गर्ने गरी प्रहरी परिचालित हुनुपर्नेमा जोड दिए ।

अवैध हातहतियार ओसारपसार, विष्फोटक पदार्थ ओसारपसार, तस्करी एवम् गुण्डागर्दी लगायतका अराजक गतिविधि नियन्त्रणमा प्रहरी निर्मम ढंगले अगाडि बढ्नुपर्ने उनले बताए ।

## सामान्य ज्ञान २५

१. हिन्द महासागर र बङ्गालको खाडीमा चल्ने वायुलाई के भनी चिनिन्छ ?

☐ साइक्लोन

- (थार तथा गोवी मरुभूमिमा बहने तातो हावालाई ‘लु’ भनी चिनिने ।)

२. आल्माटा सम्मेलन केसँग सम्बन्धित रहेको छ ?

☐ प्राथमिक स्वास्थ्य उपचार

३. फेसियल भेरिफिकेसन (मुहार प्रमाणीकरण) प्रयोगमा ल्याउने विश्वकै पहिलो राष्ट्र कुन हो ?

☐ सिङ्गापुर

- (सो प्रदेशलाई बेसहारा, असहाय, अशक्त, अभिभावकविहीन सहयोगापेक्षी सडकमा नवमुक्त प्रदेश घोषणा गरिएको ।)

४. अपरेसन नाइटिङ्गेल भन्नाले के बुझिन्छ ?

☐ प्राकृतिक प्रकोपबाट पीडित जनतालाई चिकित्सकीय सेवा उपलब्ध गराउन स्थायी रूपमा सञ्चालित कार्यक्रम

५. प्रिज्मको प्रयोग गरी सूर्यको प्रकाशबाट विभिन्न सात रङका किरणहरू छुट्याउने प्रक्रियालाई के भनिन्छ ?

☐ प्रकाश विच्छेदन

६. भलिबलको आविष्कार गर्ने व्यक्ति को हुन् ?

☐ विलियम जर्ज मोर्गन (सन् १८९५)

साभारः टंक के.सी.

# अभिव्यक्ति स्वतन्त्रताको आलोक

- डा.शशि मरासिनी(गोपबाट)

............. धारण गरेको व्यक्तिलाई बढी सजाय हुने जस्ता व्यवस्था कठोर देखिन्छन् । कतिपय ठाउँमा चाहानाबमोजिम परिभाषा गर्न सकिने किसिमका प्रावधान देखिन्छन् । यस ऐनले साइबर बुलिङ, साइबर स्टकिङ फिसिङ वा इम्पोष्ट स्क्यान, सेक्स्टोर्सन वा एक्स्टोर्सन, डिप फेक भिडियो अपलोड जस्ता व्यवस्थाले सामाजिक सञ्जाललाई प्रयोग तथा नियमन गर्ने प्रयास गरेको देखिन्छ । नियमनकारी कानुनको आवश्यकता भएको सन्दर्भमा कतिपय प्रावधानलाई संशोधन गरी अभिव्यक्ति स्वतन्त्रता, व्यक्तिगत गोपनीयता र सन्तुलित दृष्टिकोणबाट समायोजन गरी जनमुखी, स्वतन्त्रतालाई प्रवर्धन गर्ने र प्रयोग र नियमन गर्ने एउटा व्यावहारिक कानुनका रूपमा निर्माण गर्नुपर्ने देखिन्छ ।

यो विधेयकलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको मूल्य, मान्यता, सिद्धान्त, संविधानको व्यवस्था सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त, प्रजातन्त्र, बहुलता र उदारवादका सिद्धान्त अनुकूल बनाउन सकेमा मात्र व्यवहारमा कार्यान्वयन गर्न सकिन्छ । कानुन बनाएर मात्र हुँदैन त्यसलाई व्यवहारमा कार्यान्वयन पनि गर्न सक्नु पर्छ । सामाजिक व्यवहार, सुधार ऐनका धेरै प्रावधान राम्रा भए पनि लागु गर्न सकिएन । आजको युगका समाज, प्रविधि, संस्कृति धेरै अघि बढिसकेको समयमा नियन्त्रणकारीभन्दा पनि नियमनकारी कानुनको आवश्यकता छ । यस ऐनमा भएको पाँच वर्ष कैद र १५ लाख जरिबाना गर्ने व्यवस्था व्यावहारिक देखिँदैन । यो व्यवस्था दण्डको डिटरेन्ट सिद्धान्त अनुसार भएको देखिन्छ । जबकि आजको समयमा पुनर्स्थापकीय र उपचारात्मक दण्ड सिद्धान्त आइसकेका छन् । जसले कम भन्दा कम सजाय गरेर समाजमा शान्ति व्यवस्था कायम गर्न सकिन्छ भन्ने मान्यता राख्छ । कुनै पनि विषयलाई अपराधीकरण गर्दा विषयलाई विषयगत रूपमा छुट्याएर परिभाषित गर्नु पर्छ । त्यसै गरी कैद र दण्डको अनुपातसमेत मिल्नु पर्छ । कुनै पनि विषयलाई अपराधीकरण गर्नु मात्रै सबै समस्याको समाधान होइन । यो त अन्तिम अस्त्रको रूपमा मात्र प्रयोग हुनु पर्छ ।

त्यस कारण यस विधेयकले ल्याएका आवश्यक र उपयोगी प्रावधानलाई यथावत् राखेर सजाय र कसुरको मात्रालाई न्यून गरी समयको अनुरूप बनाउन सकेमा यस कानुनले आज देखिएका विकृति विसङ्गति नियन्त्रण गर्नुका साथै सभ्य र समुन्नत समाजको सिर्जना गर्न सहयोग पुऱ्याउन सक्छ । पक्कै पनि यो विधेयक निर्माण गर्नुको उद्देश्य जायज देखिन्छ यसले लेटफर्म सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार र जवाफदेही बनाउने, सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्ने र यसलाई नियमन गर्ने उद्देश्य राखेको देखिन्छ ।

यसले संविधानप्रदत्त मौलिक हक सञ्चार र गोपनीयताको हकको रक्षा गर्न साथै सर्वोच्च अदालतको नि नं. ९७४० नेकाप २०७२ को फैसला कार्यान्वयन गर्न विधेयक ल्याइएको देखिन्छ ।

सामाजिक सञ्जाल प्रयोगकर्तालाई जिम्मेवार बनाउन कसैको प्रतिष्ठामा आँच पुऱ्याउने, गाली बेइज्यती हुने वा हेटस्पिच हुने कार्य नगर्ने, मिथ्या र भ्रामक सूचनाको दुष्प्रचार, सूचना तोडमोड गरी प्रसार नगर्ने कानुनले निषेध गरेको विज्ञापन र कारोबार नगर्ने र अन्धविश्वास फैलाउने र जनस्वास्थ्यमा प्रतिकूल असर पुऱ्याउने विषयवस्तु प्रसार नगर्ने साथै गलत मनसायले माथिका कार्यलाई पोष्ट, सेयर, लाइक रिपोष्ट, लाइभ स्ट्रिमिङ, सबस्क्राइब, कमेन्ट ट्याग हयासटयाग वा मेन्सन गर्नु हुँदैन भन्ने व्यवस्था गरिएको छ । यसमा पनि मनसाय पत्ता लगाउन निकै कठिन हुने देखिन्छ । नेपाल जस्तो कम डिजिटल साक्षरता भएको ठाउँमा निर्दोष व्यक्ति पनि सजायको भागीदार हुनुपर्ने अवस्था आउने देखिन्छ ।

यस विधेयकमा गम्भीर बहस र छलफल गरी पुन:समीक्षा गरेर यसमा भएका सकारात्मक पक्षलाई यथावत् राख्नु पर्छ । विवादित पक्षलाई पुनर्मूल्याङ्कन गरेर जनचाहना, समयको माग र अभिव्यक्ति स्वतन्त्रताको मूल्य र मान्यतालाई नखल्बल्याई, गोपनीयताको हकको संरक्षण हुने गरी परिमार्जन गर्न सकेमा उपयोगी कानुनका रूपमा आउन सक्ने छ ।

साभार: गोरखापत्रअनलाइन ।

## भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं

भूकम्पले
- घर, पुल तथा अन्य संरचना भत्कना सक्दछ ।
- विधुत तथा टेलिफोन सेवा अवरोध हुन सक्छ ।
- बाढि पहिरो तथा आगलागिको जोखिम भई धनजनको क्षति हुन सक्दछ ।

त्यसैले
- घर, पुल तथा अन्य संरचना बनाउदा भूकम्प प्रतिरोधि बनाऔं ।
- घर वरिपरि तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
- भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा

## बालअधिकार प्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको सुनिश्चित गरौं गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

छार्का ताङसोङ गाउँपालिका, डोल्पा

## जनहितमा जारी सूचना

खाना खानु अघि, शौचालय गए पछि,
खेतबारीमा काम गरिसके पछि
मिचिमिचि साबुन पानीले
हात धुन नभुलौं
खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय
दुनै, डोल्पा

## पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं

-पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङगी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- पानीका मूल, प्रशोधन यन्त्र तथा भण्डारण गर्ने टयाङ्की समयसमयमा सफा गरौं ।
- घर तथा सार्वजनिक स्थलका पानी टयांकी, धाराका टुटी तथा संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं ।

डोल्पोबुद्ध गाउँपालिका,
डोल्पा

## सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं ।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं ।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं ।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं ।

ठुलीभेरी नगरपालिका, डोल्पा

# समृद्धि हासिल गर्न वनको उपयोग

- यज्ञनाथ दाहाल

आर्थिक वर्ष २०८१/८२ देखि कार्यान्वयनमा ल्याइएको नेपालको सोह्रौं पञ्चवर्षीय योजनाले 'समृद्ध नेपाल, सुखी नेपाली' को दीर्घकालीन राष्ट्रिय सोच राखेको छ। समृद्धिका चार वटा र सुखी नेपालीका पाँच वटा राष्ट्रिय लक्ष्य उक्त योजनामा रहेकोमा 'मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग' र 'उच्च तथा दिगो उत्पादन एवं उत्पादकत्व' समृद्धितर्फका प्रमुख लक्ष्य देखिन्छन्। राष्ट्रिय लक्ष्य प्राप्तिमा सम्भावनाका सबै पक्षको द्वार खोल्दै नेपाल र नेपाली क्षमताको पूर्ण उपयोग गर्न सकिएमा मात्र दीर्घकालीन यात्राले लिएको गन्तव्यमा सहजै पुग्न सकिन्छ। नेपालको प्राकृतिक स्रोतको रूपमा रहेको वनक्षेत्रको उपयोगबाट उद्यमशीलताको विकास र प्रवर्धन गरी मुलुकको औद्योगिक विकासमार्फत राष्ट्र परिलक्षित दीर्घकालीन सोचमा योगदान पुऱ्याउनुपर्ने आवश्यकता छ। वनक्षेत्रमा संलग्न विज्ञले वनक्षेत्रबाट सोह्रौं योजनाले राखेको राष्ट्रिय आकाङ्क्षामा पुग्न सक्ने योगदानको विषयमा अध्ययन अनुसन्धान, चिन्तन मनन र चर्चा परिचर्चा गरी विषयवस्तुको प्रकटीकरण एवं उजागर गर्नु आवश्यक छ।

दिगो उत्पादन र उत्पादकत्वमार्फत मुलुकको उद्यमशीलता प्रवर्धन गरी राष्ट्रिय आय निर्माण र रोजगारी सिर्जनामा वनक्षेत्रको बृहत्तर सम्भावना छ। बृहत्तर सम्भावना रहेको वनक्षेत्रमा विद्यमानका चुनौती तथा समस्याको निराकरण गर्न सक्दा वनक्षेत्रले उल्लिखित राष्ट्रिय आकाङ्क्षा प्राप्तिमा अतुलनीय योगदान गर्न सक्छ भन्ने विज्ञहरूको अभिमत छ। वन उद्यमशीलता प्रवर्धनका सम्भावना, समस्या तथा चुनौती के के छन्त ?

सम्भाव्य पक्ष

नेपालको कुल भूभागको करिब ६८ लाख हेक्टर क्षेत्रमा वनले ढाकेको छ। निजी हकभोगको जग्गामा लगाइएको वनक्षेत्र जोड्ने हो भने योभन्दा पनि बढी वनले ढाकेको क्षेत्र हुन जान्छ। एक अध्ययनले देखाए अनुसार व्यस्थापन र सदुपयोगका हिसाबले पहुँचयोग्य रहेका करिब २२ लाख हेक्टर वनक्षेत्रको दिगो वन व्यवस्थापन पद्धतिमार्फत संरक्षण, विकास र सदुपयोग गर्न सक्दा वार्षिक न्यूनतम १५ करोड घनफिट काठ उत्पादन गर्न सक्ने सम्भावना छ। हामीलाई वार्षिक आवश्यक पर्ने काठको माग भनेको वार्षिक पाँचदेखि सात करोड घनफिट मात्र हो भन्ने छ। काठ तथा काठजन्य वस्तुको उत्पादन, काष्ठकलाको विकास तथा प्रवर्धनमार्फत उद्यमशीलता उन्नयन गरी रोजगारी र आम्दानी गर्ने प्रबल सम्भावना छ। उल्लिखित २२ लाख हेक्टर वनक्षेत्रलाई दिगो वन व्यवस्थापनको पद्धतिमा प्रभावकारी ढङ्गले व्यवस्थापन गर्दा मात्रै पनि वर्षैभरि दुई लाख जनशक्तिले रोजगारी पाइरहने छन्।

विडम्बना वार्षिक करिब सात/आठ करोड घनफिट काठ अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न सक्ने हाम्रो क्षमता रहँदारहँदै पनि हामी काठ र काठजन्य वस्तु तथा सामग्रीको ठुलो मात्रामा आयात गरिरहेका छौं। भन्सार विभागबाट प्रकाशित माघ महिनासम्मको पछिल्लो साढे चार वर्षको अभिलेख हेर्दा नेपालले एक खर्ब, ४१ अर्ब, ३८ करोड रुपियाँ बराबरको काठ तथा काठजन्य सामग्री आयात गरेको देखिन्छ भने सोही अवधिमा काठ तथा काठजन्य वस्तुको निर्यात भने २७ अर्ब चार करोड रुपियाँ बराबरको मात्र छ। नेपालको वनको दिगो व्यवस्थापनमार्फत काठको उत्पादन गरी सिधै गोलिया काठ मात्र विदेशमा पठाएर न्यूनतम एक खर्ब हरेक वर्ष आम्दानी गर्न सक्ने सम्भावना छ भने काष्ठ प्रविधि र कलाको प्रयोगद्वारा स्वदेशमै काष्ठकलाका सामग्री निर्माण गरी मूल्य अभिवृद्धिमार्फत निर्यात गर्दा अझ धेरै गुणा बढी आम्दानी गर्न सक्ने देखिन्छ।

जडीबुटी तथा गैरकाष्ठ वन पैदावार अर्को महत्वपूर्ण क्षेत्र हो। नेपालका वनमा पाइने बोटबिरुवामध्ये नौ सय प्रजातिमा औषधीय गुण रहेको भन्ने छ। त्यस्तै; चार सयभन्दा बढी बोटविरुवाको खाद्यान्न उपयोगको गुण रहेको भन्ने एक अध्ययनले प्रकाश पारेको छ। नेपालका यस्ता जडीबुटी तथा गैरकाष्ठ वन उपजमध्ये करिब १५० वटा प्रजातिको व्यापारीकरण हुने गरेको, ३५ प्रजातिको खेती प्रणालीको प्रविधिको विकास भएको भन्ने अभिलेख छ। त्यसै गरी करिब ९० प्रतिशत जति कच्चा पदार्थकै स्वरूपमा ५० भन्दा बढी मुलुकमा निर्यात हुने गरेको र यसबाट करिब छ अर्ब रुपियाँ बराबरको वार्षिक मौद्रिक आय हुने गरेको भन्ने एक अध्ययन प्रतिवेदनले इङ्गित गरेको छ।

स्वदेशमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको प्रशोधन हुने व्यवस्था गरी प्रशोधित तथा रिफाइन वस्तुको निर्यात गर्न सकेको अवस्थामा हालको छ अर्बभन्दा कैयौँ गुणा अधिक मौद्रिक आम्दानी गर्न सक्ने सम्भावना छ। अहिले हामी अर्बौं रुपियाँ बराबरका मानवीय स्वास्थ्योपचारका औषधी आयात गरिरहेका छौं। आफ्नै मुलुकभित्र रहेका नौसय प्रजातिमध्ये महत्वपूर्ण र प्रचुर सम्भावना रहेका १०० प्रजातिको मात्र स्वदेशमै प्रशोधन गरी औषधीजन्य सामाग्री उपात्दन गर्न सकेमा स्वदेशी माग पूरा गरी निर्यात गर्न सक्नेसमेत सम्भावना देखिन्छ।

वनक्षेत्रद्वारा पर्यापर्यटन उद्यशीलता अभिवृद्धि गर्न सक्ने अर्को उल्लेखनीय क्षेत्र छ। नेपालमा आउने विदेशी पर्यटकमध्ये करिब ६० प्रतिशतले राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षित क्षेत्र जस्ता प्राकृतिक वनक्षेत्रको भ्रमण गर्ने गरेको भन्ने अभिलेख छ। यस सूचकद्वारा स्थानीय पर्यापर्यटन व्यवसायमा वन, वन्यजन्तु तथा पारिस्थितिकीय प्रणालीको अमूल्य योगदान छ। यस्तो पर्यापर्यटन उद्यमशीलतालाई अझ प्रभावकारी तुल्याउन यस क्षेत्रमा रणनीतिगत सुधारको आवश्यकता छ। नेपालको सुन्दरता, सामाजिक जीवन, सांस्कृतिक पक्षलायतका विविध विषयमा प्रभावकारी सूचना व्यवस्थापन तथा सोको प्रसार प्रचार महत्वपूर्ण रणनीति हो। त्यस्तै; आउने विदेशी पाउनालाई आफ्नै घरमै आएको भान पार्ने गरी गरिने स्वागत र आतिथ्यथा प्रदान अको' महत्वपूर्ण पक्ष हो। पर्यटकका लागि आवश्यक यातायातका भरपर्दो तथा आरामदायक व्यवस्था, अन्य अनिवार्य चाहिने सरसुविधा र सहयोग पनि यस उद्यमका निमित्त नभई नहुने पक्ष हो। हाम्रा पर्यटकीय क्षेत्रलगायत सबै क्षेत्रमा सरसफाइ, सुन्तरता अभिवृद्धि र आउने पाहुनाको निमित्त सुरक्षाको प्रत्याभूति र सुनिश्चितता दिलाउनु पनि अत्यन्त आवश्यक छ। यी सबै पक्षको सुव्यवस्थापन गरी अन्तर्राष्ट्रिय जगत्मा व्यापक प्रसारप्रचारमार्फत नेपाल भ्रमण गर्न सुन्दर देश छ भन्ने सन्देश सम्प्रेषण गर्न सकेमा यो क्षेत्रबाट नेपालले बृहत्तर रूपमा आम्दानी र रोजगारी सिर्जना गर्न सक्ने अवसर छ।

वन्यजन्तुको पालन, प्रजनन र अध्ययन अनुसन्धान वनक्षेत्रको अको' एउटा महत्वपूर्ण तथा नयाँ क्षेत्र हुन सक्छ। वनक्षेत्र, निकुञ्ज, आरक्ष, संरक्षणक्षेत्र जस्ता प्राकृतिक भूभागको प्रभावकारी संरक्षण र विकासद्वारा विभिन्न वन्यजन्तुको ....... (गोपबाट)

## धुम्रपान मध्यपानले लिन्छ ज्यान

होसियार, होसियार धुम्रपान र मध्यपानले लिन्छ ज्यान। त्यसैले सुर्तिजन्य पदार्थ, तथा मध्यपान सेवन गरेर आफ्नो ज्यान जोखिममा पार्ने मात्र होइन समाजलाई पनि बर्वाद पार्नबाट जोगाउन आफूले धुम्रपान र मध्यपान सेवन नगरौं र गरेको भए पनि आजैदेखि त्यागौं।

स्वास्थ्य सेवा कार्यालय
दुनै, डोल्पा

## स्वास्थ्य सेवा कार्यालय डोल्पाको अत्यन्त जरुरी सूचना

महामारिका रुपमा फैलिने कोरोना भाइरस तथा कोभिड १९, टाइफाइट, हैजा, झाडापखाला लगायतका विभिन्न प्रकारका घातक रोगहरुबाट बच्नका लागि निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं। नेपालमा विस्तारै कोरोना भाइरसको संक्रमण बढ्दै छ। यसले महामारिको रुप पनि लिन सक्छ त्यसैले सतर्क रहौं।

महामारिबाट बच्ने उपायहरु

१. अनावश्यक घर वाहिर ननिस्कौं।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं।

३. कुनै पनि सामान छोइसकेपछि हात सावुन पानीले मिचिमिचि धुने गरौं।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं।

५. पानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं।

९. आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं।

१०. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस लगायतका महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ।

स्वास्थ्य सेवा कार्यालय
दुनै, डोल्पा

# लोकतन्त्र र राजतन्त्रमा भिन्नता

- प्राडा शान्तिकृष्ण अधिकारी(गोप)

………… आधुनिक विकसित विश्वलाई त्यागेर ढुङ्गे युगतिर फर्कने प्रयाससिवाय केही होइन । स्वतन्त्रता लाई परित्याग गर्दै निरङ्कुशतालाई स्वागत गर्नु हो ।

विसं १९०३ सम्म नेपालमा राजत न्त्रको निरङ्कुश शासन नै थियो । रा जाहरूकै प्रत्यक्ष निर्देशनमा मुलुकको शासन प्रशासन सञ्चालन हुने गर्दथ्यो । प्रधानमन्त्रीदेखि तल्ला तहका कर्मचारीसम्म सबै राजा वा दरबारकै निर्देशनमा नियुक्ति वा बरखास्त हुने गर्दथे । यस्तो शासनमा राजा, रानी र दरबारियाकै आन्तरिक कलहको फा इदा उठाउँदै राजपरिवारलाई दरबार भित्रै नजरबन्द जस्तै राखेर आफूलाई श्री ३ को उपाधि दिँदै जङ्गबहादुर कुँवरहरूले विसं १९०३ देखि शासन चलाउन थालेका थिए । अरू कुँवर र क्षेत्रीभन्दा आफूलाई भिन्न देखाउन कुँवर थर फालेर राणा राखे र १०४ वर्षसम्म शासन चलाए । यसमा अरू कोही दोषी थिएन, दोषी थिए त रा जपरिवारकै सदस्य नै थिए । राजा र राणा दुवैथरिले तानाशाही प्रशासन सञ्चालन गरेको सबैलाई विदित नै छ ।

खोपीमा बन्द भएका राजपरिवारलाई विसं २००७ मा जनआन्दोलन मार्फत जनताले खोपीबाट बाहिर ल्याए । गद्दी छाडेर भारतीय दूतावासमा शरण लिँदै भारत पुगेर शरण लिएका राजा त्रिभुवनलाई ने पाली कांग्रेसको नेतृत्वमा सम्पन्न जनआन्दोलनले मुलुकमा फिर्ता ल्या यो र श्रीपेच पहिऱ्याउँदै पुनः गद्दीमा बसायो । राणाशासन फालेर जनताको शासन आरम्भ गर्ने जनआन्दोलनको म्यान्डेटलाई कुल्चिँदै राजा त्रिभुवनले समेत संविधान सभाको चुनाव ग राएनन् । मौका पाउने बित्तिकैदे खि जनचाहना कुल्चने क्रम राजा त्रिभुवनबाटै आरम्भ भएको थियो ।

त्रिभुवनले आफू संवैधानिक राजा बस्न मञ्जुर रहेका बताउँदै जनता लाई आश्वासनमै भुलाइरहेकै बखत उनको मृत्यु भएपछि राजा बनेका महेन्द्रले त जनताको गुन बिर्सेर गद्दी फिर्ता गराउने जनतामाथि नै प्रहार गर्न पुगे । जनताले चुनेका जनप्रिय, विकासप्रेमी, दूरदर्शी लोकतान्त्रिक ने ता विश्वेश्वरप्रसाद कोइरालालाई से नाको सहयोगबाट प्रधानमन्त्री रहेकै बखत गिरफ्तार गरे । कोइरालाका साथमा थुप्रै नेतालाई जेलमा राखे । आमनागरिकको स्वतन्त्रता खोसियो र जनतामाथि ठूलो विश्वासघात गरियो । राजा महेन्द्रले त्यो कदम चालेको विसं २०१७ सालको पुस १ गतेलाई लोकतन्त्रवादीले कालो दिनका रूपमा उल्लेख गरेका छन् ।

महेन्द्रले पञ्चायती निरङ्कुश शासन व्यवस्था आरम्भ गरे । यही शासन व्यवस्था नेपालमा ३० वर्ष चल्यो । लोकतन्त्रलाई मिथ्या आरोप लगाउने ३० वर्षमा निकै विकास भएको र सुशासनको पराकाष्ठा रहेको दुहाई दिइरहेका छन् । राजा महेन्द्रले केही यो जना ल्याएका थिए र कतिपय आरम्भ गरेका पनि थिए । उनका अधिकांश योजना बिपी कोइराला प्रधानमन्त्री भएका बखत तयार पारिएका यो जनाकै आधारमा निर्माण भएका थिए, भन्दा अहिले कतिपयलाई अपाच्य हुन पनि सक्छ तर अधिकांश इतिहासका अध्येताको यसैमा सहमति रहेको पनि देखिन्छ ।

बिपी कोइराला प्रधानमन्त्री हुने बित्तिकै १०९ निर्वाचन क्षेत्रमै प्राथमिक विद्यालय र स्वास्थ्यचौकी स्थापना गर्ने निर्णय गरिएको थियो । नेपालमा शिक्षा र स्वास्थ्यको आधार नै त्यही निर्णयबाट खडा भएको थियो । जनतालाई शिक्षित बनाउनु पर्छ र आधारभूत स्वास्थ्यको अधिकार पाउनु पर्छ भन्ने मान्यता त्यतिबेलैको सर कारले राखेको थियो । राजा महेन्द्रले लोकतन्त्रमा विकास सम्भव छैन भन्दै तानाशाही व्यवस्था सुरु गरे तर पञ्चायत व्यवस्थामा भएको विकास र अहिले विभिन्न आरोपले सुसज्जित नेताहरूले गरेको विकास तुलना गने हो भने पनि लोकतन्त्र नै अनिवार्य देखिन्छ ।

पञ्चायतकाल पनि ३० वर्ष चल्यो र प्रजातन्त्रको पुनर्स्थापनापछिको विसं २०४८ देखिको सरकारबाट गणना गर्दा लोकतान्त्रिक पद्धतिको शासन व्यवस्था चलेको पनि ३० वर्ष नै भएको छ । अझ यो अवधिभित्रको तीन वर्ष राजा ज्ञानेन्द्रले खाइदिए र यसका कारण मुलुकमा लोकतन्त्र चलायमान हुन पूरै पाँच वर्ष लाग्यो । यसरी हेर्दा लोकतान्त्रिक व्यवस्था अन्तर्गत विभिन्न राजनीतिक दलले करिब २५ वर्ष मुलुक हाँकेका छन् ।

गरिबीको रेखामुनि रहेका नेपाली र ाजाको प्रत्यक्ष शासनकालमा कति थिए ? साक्षरता दर कस्तो थियो ? कति स्वास्थ्य चौकी थिए ? माध्यमिक विद्यालय पहिले कति थिए र अहिले कति छन् ? मातृ मृत्युदर, शिशु मृत्युदरमा कस्तो परिवर्तन आएको छ ? नेपालीको औसत आयु के आफै ँ बढ्दै गएको हो र ? सडक सुविधा कस्तो थियो ? आदि आदि प्रश्नको उत्तर नखोजी केवल केही भ्रष्टाचारका काण्डलाई उजागर गर्दै लोकतन्त्रलाई नै अफाप घोषणा गर्नुलाई दिन सकिने उपमा के होला र ?

आफूमाथि शासन गर्नेहरू आफैँले छान्ने व्यवस्था फ्याँकेर वंश परम्पराका आधारमा शासक छान्ने व्यवस्थालाई किमार्थ उपयुक्त ठहऱ्याउन मिल्ला जस्तो लाग्दैन । महाभारतमा उल्ले ख भए झैँ राजा भरतले आफ्ना अयोग्य सन्ततिलाई राज्य नदिएर सर्वसाधारणबाट राजा चुने जस्तो र ाजतन्त्र अहिलेका आन्दोलनकारीले खो


परिवर्तनको गति बढाउँदै भन्ने मुल नाराका साथ हरेक वर्षको नोमेम्बर १९ मा बिश्व ब्यापी रुपमा मनाइने चर्पी दिवसका अवसरमा आफ्नो चर्पी आफै सफा राखौं र चर्पी प्रयोग पश्चात सफा राख्ने बानी बसालौं ।

ठुलीभेरी नगरपालिका
सबैका लागि दिगो खानेपानी सरसफाई तथा स्वच्छता(सुस्वा), डोल्पा



## स्तनपान: बालबालिकालाई बरदान

आमाको दुध बालबालिकाका लागि अमृत समान हुन्छ । त्यसैले,
- स्वास्थ्यकर्मीहरुले आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन,
- आमाको दुधको विकल्पमा बट्टाको दुध, दूधदानी जस्ता वस्तुको प्रबर्द्धन गर्नु हुँदैन,
- त्यस्ता वस्तुको उत्पादक वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपहार लिनु हुँदैन ।

त्यस्तो कार्य गरेको पाइएमा आमाको दूधलाई प्रतिस्थापन गने वस्तु (विक्रि वितरण नियन्त्रण) एने, २०४९ अनुसार कारवाही हुनेछ ।

काइके गाउँपालिका, डोल्पा



## सूचना । सूचना ॥ सूचना ॥।

सुख्खाको समयमा हावाहुरि, आगलागिका कारण हुने क्षेतिलाई न्यूनिकरण गर्नका लागि सबै जना सचेत हुनु आवश्यक छ ।
त्यसैले सबै जना सचेत बनौ ।
आगोलागि हुन नदिनका लागि जथाभावी आगो नबालौं,
बाले पनि राम्रोसँग निभाऔं ।

जगदुल्ला गाउँपालिका, डोल्पा



## भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढि क्षति हुन्छ ।
- घर जस्ता संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधि बनाऔं।
- प्राविधिकको सल्लाह लिएर मात्र घर बनाऔं ।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्व तयारी गरौं ।
- भूकम्प जाँदा आत्तिएर जथाभावि भाग्ने र दौडने नगरौं ।
- धैर्यतापूर्वक वाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- भूकम्पमा अप्ठेरो परेकालाई सहयोग गरौं ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा

# सामाजिक सञ्जाल नियमनमा कानुनी प्रबन्ध

- प्रकाश सिलवाल

सामाजिक सञ्जालको सञ्चालन, व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा बनाइएको विधेयकले सामाजिक सञ्जाल नियमन संरचनासम्बन्धी व्यवस्था गर्दै सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई व्यवस्थित र नियमित गर्नका लागि नीतिगत र संरचनात्मक प्रबन्धहरू गरेको छ । सामाजिक सञ्जाल व्यवस्थापन परिषद्, सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रको गठन जस्ता प्रस्तावलाई विज्ञहरूले सकारात्मक ठानेका छन् ।

'फलानो नेता आकस्मिक रूपमा बिरामी भई उपचारका क्रममा भर्खरै निधन' केही दिनअघि एक सामा जिक सञ्जालमा विगतमा बिरा मी हुँदा आइसियुमा रहेका बेलाको एक नेताको तस्बिरसहित अफवाह प्रवाह भयो । त्यसरी भ्रामक सूचना प्रवाह भइरहेका बेला ती नेता भने आफ्नो पार्टीको वडा केन्द्रित अभियान का क्रममा व्यस्त रहनुभएको कुरा आधिकारिक सामाजिक सञ्जालबाट सम्प्रेषण भइरहेको थियो ।

भट्ट हेर्दा एकछिनका लागि भुक्याउन सफल हुने यस्ता गलत सूचना समय समयमा सामाजिक सञ्जालमा देखापर्ने गरेका छन्, जसले समाजमा नकारात्मकता, भ्रम, घृणा आक्रोश र विखण्डन पैदा गर्न मद्दत गरिरहेको छ । यस्ता समस्याबाट पार पाउन र सामाजिक सञ्जालको दुरुपयोगबाट हुने हानि रोकी विधिको शासन कायम गराउन नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले तयार गरेको सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संसद्मा प्रस्तुत गरिएको छ ।

सामाजिक सञ्जालको उपयोगद्वारा तथ्यहीन, गलत, भ्रामक र अनुमानित एवं पत्रकार आचारसंहिता विपरीत सूचना वा जानकारी सम्प्रेषण तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट हुन सक्ने सम्भावित मिथ्या सूचना, दुष्प्रचार, सूचना तोडमोड र द्वेषपूर्ण अभिव्यक्तिको नियमन कसरी गर्ने भन्ने विषय लामो समयदेखि उठ्दै आएका हुन् । यस विषयलाई विगतका सरकारले पनि कसरी समाधान गर्ने भनेर छलफल चलाएका थिए । अहिले संसद्मा जुन सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पुगेको छ, त्यो विगतका सरकारकै पालमा भएका मसौदासहितको प्रतिफल भएको तत्कालीन मन्त्रीहरूले सार्वजनिक प्रतिक्रिया दिएका छन् ।

सामाजिक सञ्जाल र सूचना तथा सञ्चारको नियमनको सन्दर्भमा यसअघि निर्वाचन आयोग र प्रेस काउन्सिल नेपालले पनि अग्रसरता लिएका विषय हुन् । निर्वाचन आयोगले नेपाल सरकारलाई सामाजिक सञ्जाल व्यवस्थापनको नीति ल्याउन औपचारिक आग्रह गर्दै आएको थियो । विसं २०७० मा संविधान सभाको निर्वाचनलाई लक्षित गरी निर्वाचन आयोगबाट सूचना तथा सञ्चार नीति, २०७० र सञ्चार निर्देशिका, २०७० जारी भएको थियो । दोस्रो संविधान सभाको निर्वाचनमा पनि निर्वाचन आयोगले नेपाल प्रेस इन्स्टिच्युटको सहकार्यमा सञ्चार माध्यमको अनुगमनलाई गरेको थियो ।

पत्रकारिता र सामाजिक सञ्जालको भेद छुट्टिन गाह्रो भएको र अझ सामाजिक सञ्जालमा मान्छेहरूको निर्भरता बढ्दो रहेको अवस्थामा सामाजिक सञ्जालको नियमन र व्यवस्थापन गर्न यसअघि पनि आवश्यकता महसुस गरिएको हो । यस आवश्यकतालाई मनन गर्दै वर्तमान सरकारले विधेयक अघि बढाएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक राष्ट्रिय सभामा दर्ता गराएपछि एक प्रकारले बहस सिर्जना हुनु स्वाभाविक हो । विधेयक आवश्यक छ भन्नेमा कसैको फरक मत नदेखिए पनि यसका विषयवस्तुमा विभिन्न तर्क वितर्क प्रस्तुत भएका छन् । नेपालको सन्दर्भमा निर्वाचनको व्यवस्थापन र सञ्चालनका लागि निर्वाचन आयोगले पहिलो पटक सामाजिक सञ्जालको प्रयोगसम्बन्धी नीति, २०७७ अवलम्बन गरेको थियो तर निर्वाचन व्यवस्थापनका लागि सञ्चार नीति र कानुनको बेग्लै दस्तावेजको अहिले पनि अभाव रहेको छ । यस तथ्यलाई मनन गरेर नेपाल सरकारले २०८१ माघ १३ मा 'सामाजिक सञ्जाल, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा बनेको विधेयक' दर्ता गरेको देखिन्छ । यस सन्दर्भमा विविध कोणबाट बहस भइरहेका छन् । नेपाल पत्रकार महासङ्घले बुझेर वा नबुझेर आफ्नो एक प्रकारको असहमति सार्वजनिक गरेको छ । सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार तथा जवाफदेही बनाउनका लागि यो विधेयक आवश्यक लागेर यसअघिका सरकारका पालादेखि नै यसको मसौदा तयारी सुरु भएको हो । सामाजिक सञ्जालको सही र व्यवस्थित प्रयोग गरी सामाजिक सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्धन गर्न कानुन आवश्यक भएकोमा कसैको दुई मत हुन सक्दैन ।

सर्वोच्च अदालतले नै सामाजिक सञ्जाल नियमनका लागि आवश्यक कानुन निर्माण गर्न सरकारको नाममा आदेश दिएको थियो । अघिल्लो सरकारले सामाजिक सञ्जाल टिकटक माथि लगाएको प्रतिबन्धविरुद्ध परेको रिटमा अन्तिम फैसला सुनाउँदै सर्वोच्च अदालतले असोज १० गते सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो । न्यायाधीशद्वय सपना प्रधान मल्ल र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले टिकटक बन्द गर्ने नेपाल सरकारको निर्णयविरुद्ध परेको रिट खारेज गरे पनि सरकारका नाममा कानुन बनाउन आदेश गरेको थियो । वर्तमान सरकारले सर्तसहित टिकटक खोल्ने निर्णय गरिसकेको छ । सरकारले सामाजिक सञ्जाल विधेयक अहिले ल्याउँदा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुन्छ भन्नेहरूलाई टिकटकमाथिको प्रतिबन्ध फुकुवा नै उदाहरण होकि सरकारले के चाहन्छ ।

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको यसअघिको सरकारले २०८१ कात्तिक २७ टिकटक सञ्चालनमा रोक लगाउने निर्णय गरेको थियो । वर्तमान सरकारले २०८१ भदौ ७ गते सर्तसहित खुला गर्ने निर्णय गरेको छ । टिकटक खुलासँगै सामाजिक सञ्जाललाई नियमन व्यवस्थानका लागि सरकारको यो पहल समयसापेक्ष रहेको छ । टिकटकलाई दिइएको सर्तबमोजिम उसले नेपाल सरकारसँग सञ्चालन अनुमतिको प्रक्रियामा सहभागी भएको छ, जसले गर्दा मुलुकको कर प्रणालीमा यो बाँधिने छ । अन्य सामाजिक सञ्जाल प्लेटफर्म आउने यस प्रणालीमा ल्याउन सरकारले पहल गर्दै छ । संसद्मा प्रस्तुत विधेयकले कानुनको रूप लिएपछि .... (गोपबाट)


## वन डढेलो रोकथाम तथा नियन्त्रण सम्बन्धि

### डिभिजन वन कार्यलय डोल्पाको जनहितमा जारी सन्देश

जाडो याम सकियसगैं गर्मियाम/शुख्खायाम बढिरहेको र हुरी वतास चल्न सुरु भइको यस समयमा वन जंगलमा डढेलो लाग्ने प्रवल सम्भावना रहेको हँदा यसले हाम्रो प्राकृतिक सम्पदा क्षणभरमै नष्ट भई वातावरणिय सन्तुलनमा समेत ठुलो असर पुग्ने ,पानिका मुहानहरु सुक्ने, भू क्षय हुने, वायुमण्डलमा कार्वन उत्सर्जन हुन गई जलवायु परिवर्तनमा असर पुग्ने तथा गाउँबस्तिसम्म डढेलो फैलन गई धन जनको समेत ठुलो क्षेति पुग्न सक्दछ । तसर्थ:

➢ आ आफ्नो वरीपरीको वन डढेलो लाग्न सक्ने क्षेत्र पहिचान गरी सो क्षेत्रमा विषेश निगरानी राखौं ।

➢ सलाई ,लाईटर जस्ता प्रज्वलनसिल बस्तु केटाकेटीको पहुँचबाट टाढा राखौं । त्यस्ता वस्तु लियर वन जंगल प्रवेश नगरौं

➢ वन जंगलबाट हिड्दा वा यात्रा गर्दा चुरोट, बिँडीका ठुटाहरु नफालौं ।

➢ सामुदायिक वन उपभोक्ता समुहले वन हेरालुको व्यवस्था गरी वनको नियमित अनुगमन गर्ने व्यवस्था अनिवार्यरुपमा मिलाऔं ।

➢ आ आफ्ना खरबारीमा नयाँ घाँस पलाउँछ भन्ने सोचले वन डढेलो लगाउने प्रवृत्ति विगतका बर्षहरुमा देखिएकोले खरबारीमा डढेलो नलगाऔं र लगाउन नदिऔं ।

➢ वन जंगलमा डढेलो लाग्न नदिऔं लागिहालेमा सवै मिलि स्थानिय जनसहभागीता जुटाई तुरुन्त निभाऔं ।

➢ चोरि सिकारीको नाममा वनमा आगलागी हुने गरेको र चोरी सिकारी गर्नेलाई वन ऐन २०७६ तथा नियमावली २०७९ बमोजिम कार्वाहि हुने व्यवस्था भएकोले त्यस्तो कार्य कसैले पनि नगरौं, नगराऔं ।

➢ वन डढेलो लगाउने कार्य वन ऐन २०७६ को दफा ४९ बमोजिम फौंजदारी कसुर भएको र यस्तो कार्य गर्ने लाई सोही ऐनको दफा ५० बमोजिम क्षतिको बिगो असुल उपर गरी साठि हजार रुपैंयाँसम्म जरीवाना र तिन बर्ष सम्म कैद हुने भएकोले यस्तो कार्य नगरौं ,नगराऔं ।

➢ आगलागीबाट आफु पनि बचौं, अरुलाई पनि बचाऔं र हामी वस्ने वातावरणलाई जोगाऔं ।

➢ आ आफ्नो क्षेत्रमा आगलागी भएको जानकारी भएमा डिभिजन वन कार्यालय तथा मातहतका सव डिभिजन वन कार्यालय, प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा खवर गरौं ।

डिभिजन वन कार्यालय डोल्पा

सम्पर्क नं ०८७-५५००५३, ९८५८३९१०५३